# सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धमा सहकारी संघ/संस्थाहरुलाई जारी गरिएको सूचना ।

आर्थिक अपराधको स्वरुप र मात्रामा देखिएको विश्वव्यापी प्रवृत्ति चुनौतीपुर्ण बन्दै गएको सन्दर्भमा नेपाल आर्थिक अपराध नियन्त्रणमा सधैं सक्रिय रहदै आएको छ । FATF र APG को पछिल्लो समीक्षात्मक मूल्यांकनबाट कानून कार्यान्वयनमा आधारभूत रुपमा १६ वटा रणनीतिक क्षेत्रमा सुधार गर्न पर्ने आधारमा नेपाल Jurisdiction Under Increased Monitoring (ग्रे लिष्ट) मा परेको छ ।

नेपालको पारस्परिक मूल्यांकन २०२३, नेपाल सरकारबाट स्वीकृत सम्पत्ति शुद्धीकरण तथा आतंककारी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना २०८१/८२-२०८५/८६ तथा माननीय उपप्रधान तथा अर्थमन्त्रीज्यूको संयोजकत्वमा बसेको निर्देशक समितिको बैठकबाट स्वीकृत "ग्रे लिष्टबाट बाहिरिने शीघ्र सुधारात्मक क्रियाकलापको विस्तृतीकरण, २०८२" को अनुसूची २ मा सहकारी नियमन सुपरिवेक्षणसँग सम्बन्धित निकायले सम्पत्ति शुद्धीकरण तथा आतंककारी कार्यमा वित्तीय लगानी निवारणका जोखिमका क्षेत्रको नियमन सुपरिवेक्षण सशक्त गर्नुपर्ने व्यवस्था उल्लेख छ। सो व्यवस्था बमोजिम सहकारी बिभागले जोखिममा आधारित सहकारी संघ/संस्थाहरुको अनुगमन गर्ने प्रयोजनको लागि सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण ऐन, २०६४ को दफा ७प. को उपदफा (२) बमोजिम सबै सहकारी संघ/संस्थाहरुले Google Forms को link https://forms.gle/f1bSReHwEKTignvEA मार्फत श्रावण मसान्तभित्र आ.व. २०८१/८२ को विवरण अनिवार्य रुपमा प्रविष्टि गरी पठाउनु हुन यस विभागको मिति २०८२/३/२६ को निर्णयानुसार सूचित गरिन्छ।

२०८२।३।३२
शशि कुमार लम्साल
उप. रजिष्ट्रार

# सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धमा सहकारी संघ/संस्थाहरुलाई जारी गरिएको सूचनाको ताकेता ।

सहकारी विभागवाट मिति २०८२/३/३२ मा जारी भएको सवै सहकारी संघ/संस्थाहरुले Google Forms को link https://forms.gle/f1bSReHwEKTtgnvEA मार्फत श्रावण मसान्तभित्र आ.व. २०८१/८२ को विवरण अनिवार्य रुपमा प्रविष्टि गरी पठाउने सम्वन्धी सूचना अनुसार तथ्यांक प्रविष्टि गरी पठाउन वाँकी सहकारी संस्थाहरुले तोकिएको समयसीमा भित्रै (श्रावण मसान्त भित्र) पठाउनु हुन सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण ऐन, २०६४ को दफा ७५. को उपदफा (२) वमोजिम ताकेता गरिएको छ ।

२०८२।४।१५
(शशि कुमार लम्साल)
उप-रजिष्ट्रार